तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल २०७३

पत्र संख्याः ०८२/०८३

चलानी नः

मितिः २०८३।०१।१७

## हलुका सवारी साधन भाडामा लिने सम्वन्धी सार्वजनिक सूचना ।

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/१७

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर दाङलाई आवश्यक हलुका सवारी साधन भाडामा लिनु पर्ने भएकोले चालक र इन्धन वाहेक कर रकम सहित मासिक भाडा रु. ८०,०००।- (अक्षरुपी असी हजार मात्र ) मा नवढ्ने गरी घटाघटको आधारमा प्रतिस्पर्धा हुने गरी इच्छुक तथा योग्य सवारीधनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तल उल्लेखित शर्त तथा विवरण सहितको प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ ।

१. आवश्यक सवारी विवरणः

(क) प्रकारः स्कारपियो बन्दवडीको

(ख) सिट संख्याः ७

(ग) इन्धन प्रकारः डिजेल

(घ) मोडेलः सन् २०१८ देखि पछाडिको ।

(ङ) अन्य सुविधाः एसी तथा राम्रो कन्डिसन भएको

२. आवश्यक कागजातहरुः

(क) सवारी साधनको व्लूवुकको प्रतिलिप

(ख) फूलविमाको प्रमाणपत्र

३. अन्य शर्तहरुः

(क) प्रस्ताव पेश गर्दा सम्वन्धित गाडीको चालु वर्षको विमा वुझाई सकेको हुनुपर्नेछ ।

(ख) सवारी साधन कम्तिमा ३ (तीन) महिनाको लागि उपलव्ध गराउनु पर्नेछ साथै कार्यालयको आवश्यकता अनुसार समयावधी थप गर्न सकिनेछ ।

(ग) भाडामा प्रयोजन भएको गाडी मर्मत गर्नु पर्ने भएमा सो अवधिमा सवारीधनीले कवोल रकममा नै अर्को गाडीको व्यवस्था गर्नु पर्नेछ ।

(घ) भाडामा प्रयोजन भएको गाडी मर्मत गर्नु पर्ने भएमा मासिक रु.५०००।- सम्मको खर्च कार्यालयले र वांकी खर्च सवारीधनीले नै गर्नु पर्नेछ ।

(ङ) भाडामा प्रयोजन भएको गाडी सर्भिस गर्नु परेमा सो खर्च कार्यालयले व्यहोर्नेछ ।

(च) अन्य कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

२०७४।७।१६

केशवराज पाधे
प्रमुख प्रशासकीय अधिकृत